मितिः २०७५।३।२१ मा सम्पन्न तेस्रो गाउँ सभाद्वारा पारित नीतिगत निर्णयहरुः

१.आर्थिक विकासः

१.१.कृषिः

(क) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वार्ड नं.१ को महादेवडाँडामा मा सञ्चालित अलैंची र दमारमा सञ्चालित आलु पकेट क्षेत्रलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ र सो वाहेकका अन्य क्षेत्रका लागि संभाव्यताको आधारमा उन्नत जातका कफी, अलैंची, सुपारी, आलु, केरा, आँप, अनार, सुन्तला, जुनार, कागती, नासपाती र किवीको विरुवा तथा धान, मकै, आलु र गहुँको वीउ खरिदमा सम्वन्धित कृषकलाई ५०% अनुदान दिने व्यवस्था गरिनेछ ।

(ख) माटो परीक्षण शिविर सञ्चालन गर्ने र यस गाउँपालिका र संघीय सरकारको लागत सहभागीतामा गाउँपालिकामा “कृषक पाठशाला” स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

(ग) गाउँपालिकास्थित वार्ड नं.३ को खोलागाउँलाई अलैंची, महामण्डल र चनौटेलाई आलु र वार्ड नं.६ को रत्नावतीलाई जुनार पकेट क्षेत्रको लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड पुरा गरी उल्लेखित क्षेत्रहरुलाई तत् तत् पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(घ) नेपाल सरकारको आ.व.०७५÷०७६ को बजेट बक्तव्यको बुँदा नं.७२ बमोजिम कृषि, पशुपञ्छी सम्वन्धी प्राविधिक ज्ञान र सिप प्रदान गर्ने उद्देश्यले यस गाउँपालिकामा स्थापना गरिने “कृषि ज्ञान केन्द्र” वार्ड नं.१ को दमारमा स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

(ङ) बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई प्रतिस्पार्धात्मक अर्गानिक खेति मार्फत कृषि व्यवसायमा आकर्षित गर्न युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(च) वैदेशिक रोजगारीबाट फर्किएका र शैक्षिक वेरोजगारको रुपमा रहेका युवाहरुलाई कृषि पेशामा संलग्न गराई स्वरोजगारको अवसर सिर्जना गर्न युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(छ) गाउँपालिका क्षेत्रभित्र घुम्ती प्रयोगशाला मार्फत स्थलगत माटो परीक्षण र माटोको गुणस्तर परीक्षण पत्र बितरणको व्यवस्था गरिनेछ ।

(ज) गाउँपालिका क्षेत्रस्थित कृषकले उत्पादन गरेको कृषिजन्य बजारको सुनिश्चितता गर्न स्थानीय सहकारी संस्थाहरुबाट प्रतिस्पर्धात्मक रुपमा आशय पत्र लिई प्रतिस्पर्धाको माध्यमबाट छनौटमा पर्ने १ वटा उत्कृष्ट सहकारी संस्थालाई कृषि उत्पादनमा आधारित सुपथ मूल्यको कृषिजन्य पसल स्थापना गर्ने शर्तमा अनुदान दिने व्यवस्था गरिनेछ ।

(झ) कृषिमा आधुनिकीकरण र यान्त्रिकरणका लागि व्यवसायिक कृषिमा आधारित कृषक समूह वा कृषक सहकारी संस्थालाई कृषि औजार उपकरण खरिदमा ५० % अनुदान दिने व्यवस्था गरिनेछ ।

(ञ) पशुपालनका लागि संभावित पकेट क्षेत्रहरुको पहिचान गरी परम्परागत पशुपालन व्यवसायलालाई सुधार गर्न आधुनिक पशुपालन व्यवसायको रुपमा रुपान्तरण गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछ । जस अन्तरगत परम्परामा आधारित पशुगोठ र मलमुत्र व्यवस्थापन सुधारका निमित्त सम्वन्धित कृषकलाई अनुदान दिने व्यवस्था गरिनेछ ।

(ट) गाउँपालिकास्थित कृषकहरुलाई कृषिमा आधुनिकीकरण र बजारीकरण सम्वन्धी सूचनाहरु लगायतका अन्य महत्वपूर्ण सन्देशहरु प्रवाह गर्न मोबाइल एप्सको व्यवस्था गरिनेछ ।

(ठ) पशुपालक कृषकहरुलाई पशु बीमा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

१.२.पर्यटन, उद्योग तथा वाणिज्यः

(क) २५ वटाभन्दा बढी हिमश्रृंखलाहरु र महाभारत लगायत चुरे पर्वतमालाहरुलाई स्पष्ट रुपमा नियाल्न सकिने सिन्धुली जिल्लाकै सबैभन्दा अग्लो स्थानमा रहेको यस गाउँपालिकाको वार्ड नं.३ स्थित फिक्कल चुचुरोमा निर्माणाधीन फिक्कल टावरको निर्माण कार्यलाई निरन्तरता दिन बजेट विनियोजन गरिएको छ । सो टावरको गुरु योजना अनुसारको निर्माण कार्य सम्पन्न गर्न, वार्ड नं.३ को चनौटेबाट टावरसम्म जाने पर्यटकीय पदमार्ग र टावर रहेको स्थानमा खानेपानी, उद्यान, विश्रामस्थल र मनोरञ्जन घर लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी सो स्थानलाई नयाँ पर्यटकीय गन्तव्यस्थलको रुपमा घोषणा गरिदिन संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।

(ख) स्थानीय युवाहरुलाई लक्षित गरी स्तरीय होटल तथा रिसोर्टहरु सञ्चालन लगायत पर्यटकीय सेवाको लागि आवश्यक पूर्वाधार निर्माण सम्वन्धी तालीम र सोसँग सम्वन्धित अन्य थप क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

(ग) छिमेकी गाउँपालिकाहरु क्रमशः सुनकोशी गोलञ्जोर समेतसँगको समन्वयमा सुनकोशी नदीमा जलविहार सेवा सञ्चालन गर्न आवश्यक पूर्वाधारहरु तयार गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

(घ) विपद् प्रभावित पर्यटक तथा अन्य व्यक्तिलाई आपत्कालीन उद्धार गर्ने उद्देश्यले हेलिप्यणड निर्माण गर्न आवश्यक पर्ने जमीन यस गाउँपालिका अन्तर्गतको वार्ड नं.५ स्थित सोल्पाको डाँडागाउँ र वार्ड नं.३ को चनौटे मा उपलव्ध गराइनेछ । र उल्लेखित स्थानमा हेलिप्याड निर्माण गर्न आवश्यक बजेट व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।

(ङ) आन्तरिक र वाह्य पर्यटन् प्रवद्र्धनको गर्न गाउँपालिकास्थित फिक्कल पर्यटकीयस्थलदेखि चित्रेनाँगीसम्म घोडामा सवार भै जंगल सफारीका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

१.३.सहकारी तथा वित्तीय क्षेत्रः

(क) गाउँपालिका क्षेत्रमा क्रियाशील सहकारी संस्थाहरुको स्पष्ट लगत तयार गरी सहकारी संस्थामा आवद्ध सदस्यहरुलाई सहकारी खेति, पशुपालन, बजार प्रवद्र्धन लगायत स्वरोजगारमा आधारित क्रियाकलापहरुमा संलग्न हुन उत्प्रेरित गरिनेछ ।

(ख) गाउँपालिका क्षेत्रभित्र सहकारी संस्थाहरु मार्फत सुपथ मूल्य पसल खोली सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

(ग) गरीवि निवारण तथा सामाजिक परिचालनका माध्यमबाट सरकारी एवम् गैर सरकारी निकायहरुद्वारा गतः विगतमा गठन भई परिचालनमा आएका समुदायमा आधारित संस्थाहरुलाई सहकारी संस्थामा आवद्ध हुन प्रेरित गरिनेछ ।

२.सामाजिक विकासः

२.१.शिक्षाः

नेपाल सरकारले लिएको–

(क) सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चितताका लागि विद्यालय भर्ना अभियानलाई सफल पार्न विद्यालय जाने उमेरका सबै बालवालिकाहरुलाई विद्यालय भर्ना गराउन चेतनामूलक, सन्देशमूलक र उत्प्रेरणामूलक अभियान सञ्चालन गरिने छ ।

(ख) संघीय सरकारले सञ्चालन गर्ने सम्पूर्ण विद्यार्थीलाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियानलाई सफल पार्न गाउँपालिकास्थित सबै टोल बस्ती समेटिने गरी सन्देशमूलक अभियान सञ्चालन गरिनेछ । गाउँपालिकास्थित सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा उपलव्ध गराउने कार्यक्रमलाई मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(ग) गाउँपालिकास्थित सबै विद्यालयहरुलाई अपाङ्गता तथा बालमैत्री बनाउन आवश्यक पूर्वाधारहरु तयार गरिनेछ ।

(घ)गाउँपालिकास्थित दलित, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका विद्यार्थीहरुमध्ये सरकारी मान्यता प्राप्त कुनै प्राविधिक विद्यालय÷ शिक्षालयमा अध्ययनका लागि विद्यालय÷शिक्षालयले लिएको प्रवेश परीक्षामा नाम निकालेका दलित, सिमान्तकृत, अपाङ्गता र अल्पसंख्यक मध्येबाट १÷१ जनाका दरले जम्मा ४ जना विद्यार्थीलाई निजको शारिरिक अशक्तता र घरको आर्थिक अवस्थाको आधारमा छनौट गरी आगामी आ.व.देखि निर्धारित पाठ्यक्रम अनुसार प्राविधिक टि.एस.इ.इ. सम्मको अध्ययन सम्पन्न गर्ने गरी किस्तावन्दीमा जनही ५० हजारका दरले छात्रवृत्ति दिने व्यवस्था गरिनेछ ।

(ङ) नेपाल सरकारको अनुदान सहयोगमा यस गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुमा स्थापना हुने प्राविधिक कक्षा सञ्चालनको निमित्त गाउँपालिकाबाट उपलव्ध गराउनुपर्ने आर्थिक÷भौतिक सहयोग उपलव्ध गराइनेछ ।

(च) साविकमा अस्थायी अनुमति लिई सञ्चालनमा आएपछि कक्षा तथा तह वृद्धि भई हाल मा.वि.र नि.मा.वि.तहसम्म सञ्चालित अवस्थामा रहेका सामुदायिक विद्यालयहरुको विद्यार्थी र कक्षा संख्याको आधारमा सरकारी अनुदानबाट उपलव्ध गराइएको शिक्षक अपूग भई पठनपाठन सुचारु गराउने समस्याबाट गुज्रिरहेका विद्यालयहरुमा विद्यार्थी संख्या, विषयगत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा संघीय सरकारबाट विद्यमान शिक्षक दरवन्दीको पुनरावलोकन र न्यायोचित वितरणको व्यवस्था नभएसम्मको लागि ३५ जना विद्यार्थी बराबर एक शिक्षकको मापदण्डलाई आधार बनाई सो आधारमा कार्यपालिकाबाट स्वीकृति लिई थप शिक्षक व्यवस्था गर्न चालु खर्च बजेटबाट अनुदान दिने व्यावस्था गरिएको छ ।

(छ) गाउँपालिकास्थित १२ वटै माध्यमिक विद्यालयहरुमा अनिवार्य कम्प्यूटर प्रयोगात्मक कक्षा सञ्चालन गर्न आवश्यक पूर्वाधारहरु तयार गरी पूर्वाधारको सुनिश्चितता गर्ने मा.वि.हरुलाई कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभए सम्मको लागि कम्प्यूटर शिक्षक व्यवस्थापनको निमित्त चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ज) विगतमा प्राथमिक विद्यालय सञ्चालन गर्न अस्थायी स्वीकृति र बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको दरवन्दी पाएका तर प्रा.वि.शिक्षक दरवन्दी नपाएका प्रा.वि.हरुलाई कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि प्रा.वि.तहको शिक्षक व्यवस्थापनको निमित्त चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(झ) साविक गाउँ विकास समितिबाट स्वीकृति लिई सञ्चालनमा आएका बाल सिकाई केन्द्रका सहयोगी कार्यकर्ता व्यवस्थापनको निमित्त कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ञ) विगतमा प्र.वि.सञ्चालनका लागि अस्थायी स्वीकृति पाएका तर बाल शिक्षा सहयोगी कार्यकर्ताको दरवन्दी नपाएका प्रा.वि.हरुलाई कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि बाल शिक्षा कार्यकर्ताहरुको व्यवस्थापनको निमित्त चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ट) यस गाउँ विकास समितिमा गाभिन आएका साविक गाउँ विकास समितिहरुबाटै अनुदान पाउने गरी गाउँपालिकाको स्वीकृतिमा सञ्चालन भई आएका गाउँपालिकास्थित जम्मा १७ वटा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको व्यवस्थापन गर्न कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ठ) यस गाउँपालिकामा गाभिन आएका साविक गाउँ विकास समितिहरुबाटै अनुदान पाउने गरी गाउँपालिकाको स्वीकृतिमा सञ्चालन भई आएका ४ वटा बाल सिकाई केन्द्रका सहयोगी कार्यकर्ताहरु व्यवस्थापन गर्न कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ड) कार्यपालिकाबाट गरिने अनुगमनको क्रममा मापदण्ड अनुसारको विद्यार्थी संख्या नभएका विद्यालय, बाल बिकास केन्द्र र बाल सिकाई केन्द्रलाई कार्यालयबाट सो वापतको अनुदान उपलव्ध गराइने छैन ।

(ञ) गाउँ कार्यपालिकाको छनौटमा पर्ने गाउँपालिकास्थित माध्यमिक विद्यालयहरुमा सूचना केन्द्र तथा विज्ञान प्रयोगशाला स्थापनाको लागि आवश्यक उपकरण खरिद गर्ने गरी  बजेटको व्यवस्था गरिएको छ । साथै उल्लेखित विद्यालयहरुमा द्रुत गतिको इन्टरनेटको व्यवस्था गरिदिन  सम्वन्धित निकाय समक्ष पहल गरिनेछ ।

(ट) संघीय सरकारसँगको समन्वय र सहकार्यमा यस गाउँपालिका क्षेत्रमा एकवटा प्राविधिक शिक्षालय स्थापना गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

(ठ) गाउँपालिकास्थित सामुदायिक विद्यालयहरुको आधारभूत तहका कक्षामा फिक्कलको विशेषता र माध्यमिक तह कक्षा ९ र १० मा स्थानीय सरकार, स्थानीय न्यायिक समिति, न्याय सम्पादन र सामुदायिक मेलमिलाप सम्वन्धी अभिमूखीकरण कक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

२.२.स्वास्थ्यः

(क) आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चितका निमित्त स्वास्थ्य वीमाको कार्यक्रममा अनिवार्य सहभागी हुनका लागि गाउँपालिकाक्षेत्रका जनताहरुमाझ सूचनामूलक अभियान सञ्चालन गरिनेछ ।

(ख) आमा र बच्चाको पोषण सुनिश्चित कार्यक्रम अन्तरगत नियमित गर्भवती जाँच सेवा लिई गाउँपालिकास्थित तोकिएको स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउँदा र सुत्केरी पश्चातः फर्कदा प्राविधिक रुपमा एम्वुलेन्सको पहुँच पुग्ने स्थानदेखि निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराउनको अतिरिक्त गाउँपालिकाबाट जनही थप रु.१ हजारका दरले प्रोत्साहन रकम उपलव्ध गराइनेछ ।

(ग)गाउँपालिकास्थित स्वास्थ्य संस्थाभन्दा बाहिर गई सुत्केरी गराउनुपर्ने अवस्थाका गाउँपालिकावासी गर्भवतीलाई एम्वुलेन्स सेवा उपलव्ध गराउँदा २५% र नेपाली नागरिकतामा उल्लेखित जन्म मितिको आधारमा ८० बर्ष उमेर पूरा भएका गाउँपालिकावासी ज्येष्ठ नागरिकलाई ५० % एम्वुलेन्स भाडा छुट दिने व्यवस्था गरिनेछ  ।

(घ) हालसम्म स्वास्थ्य संस्थाको व्यवस्थित र आधुनिक भवन नभएको कारण प्रभावकारी रुपमा सेवा प्रवाह गर्न समस्या भैरहेका यस गाउँपालिकाको वार्ड नं.१ स्थित महादेवडाँडा स्वास्थ्य चौकी, वार्ड नं.६ स्थित रत्नावती स्वास्थ्य चौकी, वार्ड नं.५ स्थित सोल्पाठाना स्वास्थ्य चौकीको आधुनिक भवन निर्माण कार्य संघीय सरकारसँगको सहकार्य तथा लागत सहभागीतामा क्रमशः सम्पन्न गर्ने व्यवस्था गरिनेछ  ।

(ङ) सबै स्थानीय तहमा कम्तीमा एक चिकित्सकको सेवा अन्तरगत यस गाउँपालिकामा खटिई आउने चिकित्सकलाई अर्को व्यवस्था नभएसम्मको लागि श्री स्वास्थ्यचौकी सुम्नाम पोखरीमा रही सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

(च) भौगोलिक विकटता र चेतना अभावका कारण आँखाजन्य रोगहरुबाट यस गाउँपालिकाका अधिकांश जनता पिडित रहेको यथार्थतालाई मध्येनजर गरी यस गाउँपालिका क्षेत्रभित्र आँखा र आँखाजन्य रोगहरु न्यूनीकरण सम्वन्धी सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिदिन र यस गाउँपालिका र छिमेकी जिल्ला उदयपुरको घुर्मी,

ओखलढुङ्गाको बलखु, सिस्नेरी, पलापु र सिंहदेवी समेतका आँखारोगीहरुलाई लक्षित गरी यस गाउँपालिकामा एकवटा सामुदायिक आँखा केन्द्र स्थापना गरिदिन तिलगंगा आँखा प्रतिष्ठान गौशाला काठमाण्डौ समक्ष अनुरोध गरिनेछ ।

(छ) सम्वन्धित स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क वितरण गर्ने सूचीमा पर्ने औषधीहरु खरिद गर्नका लागि बजेट विनियोजन गरिएकोे छ । सो रकमबाट आर्थिक बर्षको शुरुमै एकमुष्ठ रुपमा औषधी खरिद गरी स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यकताको आधारमा बाह्रै महिना औषधी आपूर्ति गर्ने व्यवस्था गरिनेछ ।

(ज) यस गाउँपालिकास्थित सबै स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार विभिन्न खोपहरु आपुर्ति गर्नका लागि गाउँपालिकाको वार्ड नं.५ स्थित सोल्पाठाना स्वास्थ्य चौकीमा खोप भण्डारणका गर्ने गरी कोल्ड स्टोर स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(झ) गाउँपालिकास्थित महिला स्वास्थ्य स्वयमसेविकाहरुले स्वास्थ्य क्षेत्रमा हालसम्म पु¥याई आएको योगदानको उच्च मूल्यांङ्कन गर्दै निजहरुलाई खाजा खर्च वापत मासिक रु.एक हजारका दरले उपलव्ध गराउने गरी आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(ञ) स्वस्थ्य र गुणस्तरीय खाद्य पदार्थ आपूर्तिको सुनिश्चितताका लागि बजार अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाइनेछ ।

(ट) संघीय र प्रदेश सरकारसँगको लागत साझेदारीमा यस गाउँपालिकाको वार्ड नं.३ चनौटेस्थित स्वास्थ्य संस्थालाई निशुल्क रुपमा प्राप्त भएको ११ रोपनी जग्गामा गाउँपालिका स्तरीय अश्पताल निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

(ठ) संघीय सरकारले सञ्चालन गर्ने ध्यान र योगको माध्यमबाट स्वस्थ्य शरीर, सकारात्मक सोंच र व्यक्तित्व विकासका लागि आरोग्य कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने क्रममा यस गाउँपालिकामा कम्तीमा १ वटा योेगा कक्षा सञ्चालन र स्थानीय जडिबुटीको महत्व पहिचान र महत्व सम्वन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२.३.खानेपानी तथा सरसफाईः

(क) आ.व.०७५÷०७६ लाई राष्ट्रिय सरसफाई अभियान बर्षको रुपमा मनाउने राष्ट्रिय अभियानलाई सफल बनाउन विकास साझेदारहरुसँगको सहकार्यमा यसअघि पूर्ण सरसफाइको सुनिश्चितता घोषणा हुन बाँकी रहेका वडाहरुमा सो सम्वन्धी विविध क्रियाकलाप सञ्चालन गरी आगामी दुइबर्षभित्र गाउँपालिकास्थित सबै वार्डहरुलाई आधारभूत सरसफाइको पहँुच सुनिश्चित वार्ड घोषणाकासाथ गाउँपालिकालाई आधारभूत सरसफाइको पहुँच सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ ।

(ख) संघ र प्रदेश सरकार समेतको सहकार्यमा सुनकोशी तटीयक्षेत्रका जनतालाई खानेपानी तथा असिंचित जमीनहरुमा सिंचाई सुविधा एकसाथ उपलव्ध गराउन सौर्य वायु लगायतका वैकल्पिक उर्जामा आधारित उच्च प्रविधियुक्त सिंचाइ र खानेपानी आयोजना सञ्चालनका लागि समपूरक अनुदान विनियोजन गरिएको छ ।

(ग) संघ, प्रदेश सरकार, यस गाउँपालिका, स्थानीय उपभोक्ता र सो सँग सम्वन्धित गैर सरकारी संघसंस्था समेतको लागत सहभागीतामा हालसम्म खानेपानी सेवा पुग्न नसकेका गाउँपालिकास्थित सबै टोल वस्तीहरु लक्षित गरी खानेपानी आयोजनाहरु सञ्चालनका लागि समपूरक अनुदान बजेटको व्यवस्था गरिएको छ ।

२.४.संस्कृति प्रवद्र्धनः

(क) गाउँपालिकास्थित विभिन्न जातजातिको परम्परा, भाषा, संस्कृति, रितिरिवाज र रहन सहन झल्काउने गरी फिक्कल भ्यू टावरसँगै एकवटा संग्रहालय निर्माण गरी सञ्चालनमा ल्याउन संघीय र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

(ख) सिन्धुली जिल्लाकै सर्वोच्च फिक्कल चुचुरो नजिकै परापूर्वकालदेखि भक्तजनहरुको आशा र भरोसा केन्द्रको रुपमा अवस्थित महांकाली देवीस्थलमा मन्दिर र सोही नजिक रहेको ऐतिहाँसिक गुफाको संरक्षण र प्रवद्र्धनका लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिदिन नेपाल सरकार पुरातत्व विभागमा अनुरोध गरिनेछ ।

(ग) यस गाउँपालिका अन्तरगत वार्ड नं.१ को माझखर्कमा वौद्ध गुम्वा निर्माण गरी वौद्ध धर्मावलम्वीहरुको संस्कृति प्रवद्र्धन गरिनेछ ।

२.५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

(क) गाउँपालिकास्थित दलित समुदायलाई लक्षित गरी जातीय छुवाछुत सम्वन्धी भेदभाव र कानूनी हक अधिकारको प्रवद्र्धन बिषयमा सचेतना कार्यक्रम, सहकारी तथा सामुदायिक उत्पादन प्रणाली सम्वन्धी अभिमूखीकरण र परम्परागत सीप र पेशालाई आधृुनिकीकरण गरी प्रवद्र्धन गर्ने समेतको कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ ।

(ख) गाउँपालिकास्थित अपाङ्गता भएका व्यक्तिहरुको मनोबल, मर्यदा, सिप र क्षमता अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरिएको छ ।

(ग) यस गाउँपालिका, सरोकारवाला र साझेदारहरुको सहभागीतामा गाउँपालिका क्षेत्रमा एकवटा ज्येष्ठ नागरिक आरोग्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

(घ) दाइजो प्रथा, बोक्सी, लगायतका महिला हिंसा विरुद्धको क्रियाकलाप सञ्चालन र गाउँपालिकास्थित विपन्न र पिछडिएका सबै महिलाहरुलाई लक्षित गरी सिप तथा उद्यमशीलताको माध्यमबाट स्वआर्जन मार्फत आत्म निर्भर बनाउने क्रियाकलाप सञ्चालनका गर्न बजेट व्यवस्था गरिएको छ ।

(ङ) ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको आपतकालीन उद्धारको लागि संघीय सरकारले प्रवन्ध गर्ने एयर एम्बुलेन्स सम्वन्धी सूचना गाउँपालिकाले सञ्चालन गर्ने मोबाइल एप्स मार्फत सम्प्रेषण गर्ने व्यवस्था गरिनेछ ।

(च) गाउँपालिकास्थित अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५ सम्वन्धी विधेयक स्वीकृतिका लागि यसै तेस्रो गाउँ सभा समक्ष पेश गरिनेछ । सो विधेयक स्वीकृत भए पश्चातः सो ऐनले परिभाषित गरेका लक्षित बालबालिकाहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा खर्चका लागि बजेट विनियोजन गरिएको छ ।

(छ)गाउँपालिका क्षेत्रको समुदाय र विद्‌यालय स्तरमा बाल क्लवहरु गठन परिचालनको माध्यमबाट बालवालिकाहरुमाथि हुने शारिरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुव्र्यवहार न्यूनीकरण सम्वन्धी क्रियाकलाप र गाउँपालिकालाई बाल विवाह तथा बालश्रममुक्त गाउँपालिका घोषणा गराउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न बजेट गरिएको छ ।

(ज) स्थानीय बाल क्लवहरुसँगको सहकार्यमा बालमैत्री स्थानीय शासन सम्वन्धी सूचकसँग सम्वन्धित क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ ।

(झ) गाउँपालिकामा राष्ट्रपति महिला उत्थान कार्यक्रम विस्तारका लागि सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।

२.६.युवा तथा खेलकुदः

(क) खेलकुद मार्फत बालवालिका तथा युवाहरुको शारिरिक र मानसिक विकास प्रवद्र्धन गर्ने उद्देश्यले संघीय सरकारको सहकार्यमा यस गाउँपालिका अन्तरगत वार्ड नं.१ महादेवडाँडाको रचनेथाममा मिनी रंगशाला, वार्ड नं.६ रत्नावतीको तीनखण्डेमा खेल मैदान, वार्ड नं.५ को डाँडागाउँमा विचरण पार्क र वार्ड नं.३ को खोलागाउँमा युवा क्लव निर्माण गर्न पहल गरिनेछ । जसको लागि गाउँपालिकाबाट व्यहोर्नुपर्ने लागत साझेदारी वापतको रकम समपुरक कोषबाट व्यहोर्ने व्यवस्था गरिनेछ ।

(ख) आगामी आर्थिक बर्षदेखि यस गाउँपालिकाले राष्ट्रपति रनिङ् सिल्ड प्रतियोगिताको आयोजना गर्नेछ सो को लागि गाउँपालिकालाई प्राप्त सशर्त अनुदान बजेटको अतिरिक्त सो खेल आयोजना गर्नको लागि आवश्यक हुने थप बजेट गाउँपालिकाबाट व्यहोर्ने व्यवस्था गरिनेछ ।

(ग) विकास साझेदार तथा सरोकारवालाहरुको साझेदारीमा किशोर किशोरी मनोपरामर्श सेवा केन्द्र खोली सञ्चालन गर्न पहल गरिनेछ ।

(घ) नेपाल सरकार र स्वीस सरकार बिच भएको सम्झौता बमोजिम आगामी आर्थिक बर्षदेखी यस गाउँपालिका क्षेत्रमा सञ्चालन हुने सुरक्षित आप्रवासन परियोजना (क्बाभच ःष्नचबतष्यल एचयवभअत ९क्बःष्० परियोजनालाई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, दातृ निकाय र यस गाउँपालिका समेतको लागत साझेदरी र सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

३.पूर्वाधार विकासः

१.यस गाउँपालिकास्थित अब निर्माण गरिने सबै प्रकारका भवनहरु निर्माण गर्नुअघि निर्माण सम्वन्धी मापदण्डको सुनिश्चित गरी गाउँपालिकाबाट निर्माण इजाजतको स्वीकृति लिएपछिमात्र निर्माण गर्ने गराउने व्यवस्थाका लागि भवन निर्माण सम्वन्धी कार्यविधि स्वीकृत गरी जारी गरिनेछ ।

२.गाउँपालिका क्षेत्र अन्तर्गत पूर्वाधार विकास कार्यक्रम अन्तगरत (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत र सञ्चार) सञ्चालन गरिने कार्यक्रमहरुको बिवरण अनुसूचीमा  उल्लेख गरिएको छ।

(क) सडक तथा पूलः

१.आगामी आ.व.०७५÷०७६ मा यस गाउँपालिकाको आफ्नै स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गरिने सडक तथा पुलहरुको बिवरण अनुसूचीमा–१ उल्लेख गरिएको छ ।

२.यस गाउँपालिकाको स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गर्न नसकिने भई संघ, प्रदेश सरकार र विकास साझेदारहरु समेतको लागत सहभागीतामा सञ्चालन गर्ने गरी प्रस्ताव गरिएका सडक तथा पुलहरुको बिवरण अनुसूचीमा–२ उल्लेख गरिएको छ ।

(ख) सिंचाईः

१.आगामी आ.व.०७५÷०७६ मा गाउँपालिकाको आफ्नै स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गरिने सिंचाई आयोजनारुको बिवरण अनुसूचीमा–१ उल्लेख गरिएको छ ।

२. साना सिंचाई कार्यक्रम (क्ष्ए) अन्तरगत यस गाउँपालिका क्षेत्रमा चालु आ.व.०७४÷०७५ मा सञ्चालित साना सिंचाई कार्यक्रमहरुलाई क्रमागत रुपमा निरन्तरता दिई आगामी आर्थिक बर्षमा समेत सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

३.यस गाउँपालिकाको स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गर्न नसकिने भई संघ, प्रदेश सरकार र विकास साझेदारहरु समेतको लागत सहभागीतामा सञ्चालन गर्ने गरी प्रस्ताव गरिएका सिंचाई आयोजनाहरुको बिवरण अनुसूचीमा–२ उल्लेख गरिएको छ ।

(ग) उर्जा, लघु तथा साना जलविद्युतः

१.यस गाउँपालिका, छिमेकी जिल्ला उदयपुर र ओखलढुङ्गाका जनताहरु समेतलाई लक्षित गरी विद्युत विस्तार गर्न निर्माण गरिने विद्युत सव स्टेशन निर्माण गर्न आवश्यक पर्ने जग्गा यस गाउँपालिकाको वार्ड नं.५ स्थित झगरे वेशीमा उपलव्ध गराउने र सो जग्गामा विद्युत सव स्टेशन निर्माण गरिदिने व्यवस्थाको लागि सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।

२. संघ र प्रदेश सरकारको समन्वय एवम् साझेदारीमा आगामी ३ बर्षभित्रमा फिक्कल गाउँपालिकालाई उज्यालो गाउँपालिका घोषणा गर्न आवश्यक पहल गरिने छ ।

३.आगामी आ.व.०७५÷०७६ मा यस गाउँपालिकाको आफ्नै स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गरिने उर्जा, लघु तथा साना जलविद्युत आयोजनाहरुको बिवरण अनुसूचीमा–१ उल्लेख गरिएको छ ।

४.यस गाउँपालिकाको स्रोतबाट निर्माण, मर्मत सम्भार र सुधार विस्तार गर्न नसकिने भई संघ, प्रदेश सरकार र विकास साझेदारहरु समेतको लागत सहभागीतामा सञ्चालन गर्ने गरी प्रस्ताव गरिएका उर्जा, लघु तथा साना जलविद्युत आयोजनाहरुको बिवरण अनुसूचीमा–२ मा उल्लेख गरिएको छ ।

(घ) सञ्चारः

१.साविक खाङ्साङ् गाउँ विकास समितिको वार्ड नं.५ हाल यस गाउँपालिका अन्तर्गत वार्ड नं.४ को पोटीडाँडामा नेपाल टेलिकमद्वारा आजभन्दा ३ बर्ष अगाडी निर्माण गरिएको नमस्ते नेटवर्क टावरबाट हालसम्म सेवा विस्तार हुन नसकेकोले यस क्षेत्रका जनता सो सेवाबाट वञ्चित हुनु परेकोे गुनासो नेपाल दूर सञ्चार प्राधिकरण समक्ष गउँपालिकाबाट यसअघि पटक पटक राखिएको भए तापनि हालसम्म गुनासो सुनुवाई नभएकोले सो टावरबाट हालसम्म सेवा सुचारु हुन नसक्नुको कारण यकीन गरी तत्काल सेवा सञ्चालन गरिदिने व्यवस्थाका लागि सम्वन्धित निकाय समक्ष अनुरोध गरिनेछ ।

२.यस गाउँपालिकास्थित वार्ड नं.१ को महादेवडाँडा, वार्ड नं.३ को खोलागाउँ र महामण्डल तथा वार्ड नं.६ को रत्नावतीमा एनसेल नेटवर्कको टावर निर्माण गरी सबै टावरबाट घन् इन्टरनेट सहितको सेवा विस्तार गरिदिन एनसेल काठमाण्डौलाई अनुरोध गरिनेछ ।

४.वन वातावरण तथा विपद् व्यवस्थापनः

४.१.वन तथा भू संरक्षणः

(क) यस गाउँपालिकाको वार्ड नं.१ स्थित महादेवडाँडा र वार्ड नं.३ स्थित फिक्कल क्षेत्रलाई जैविक विविधतायुक्त जडिबुटी क्षेत्र घोषणा गरी सो को प्रवद्र्धन सम्वन्धी कार्यक्रम सञ्चालन गरिदिन नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।

(ख) फिक्कल र महादेवडाँडा वन क्षेत्रमा पाइने जडिबुटीहरुको पहिचान गरी सो सम्वन्धी प्रचारात्मक र प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) गाउँपालिकास्थित सामुदायिक वन उपभोक्ता समूहहरुको सहभागीतामा वन क्षेत्रको उपयोग र संरक्षण प्रणालीलाई थप मजवुत बनाइने छ । गाउँपालिकास्थित सडक किनार वाँझो, पर्ति नदी किनार र खस्केको जमिनमा वृक्षरोपण गरी वन विस्तार गरिनेछ ।

(घ) आगामी आर्थिक बर्षदेखि गाउँपालिकाभित्र जमिन उत्खनन् गरी निर्माण गरिने जुनसुकै प्रकृतिका निर्माण कार्यको कुल लागतको २% ले हुन जाने मूल्य बराबर स्थानीय उपभोक्ताहरुले अनिवार्य रुपमा स्थानीय जातका जरा फैलने वा हरियाली वृद्धि गर्ने विरुवा वा घाँस रोपण गरी संरक्षणको प्रवन्ध गर्नुपर्ने नीति कार्यान्वयनमा ल्याइनेछ । उल्लेखित नीति कार्यान्वयनको सुनिश्चितता आयोजनाले अन्तीम भूक्तानी लिने क्रममा प्राविधिकबाट गरिएको कार्य सम्पन्न प्रतिवेदन मार्फत गर्नु पर्नेछ र सो को सुनिश्चितता हुन नआएमा कार्यालयले अन्तीम भूक्तानी दिने समयमा सो बराबरको रकम कटाई कार्यालय आफैले त्यस्तो विरुवा वा घाँसरोपण गराउने व्यवस्था गर्नेछ ।

(ङ) स्थनीय गैर सरकारी संघसंस्था, टोल विकास संस्था,समुदायमा आधारित संस्थाहरुको सहयोग र समन्वयमा गाउँपालिकास्थित वाक्सुखोलादेखि बहादुराखोला सम्मको मध्य पहाडी लोकमार्गको किनारामा सदावहार जातका विरुवा रोपण गरी सो को संरक्षण गर्ने व्यवस्था गरिनेछ ।

४.२.जलाधार संरक्षणः

(क) खेर गैरहेको पानी र मौसमी बर्षाको पानी संकलन गरी सदुपयोगमा ल्याउनको लागि गाउँपालिकास्थित सबै सम्भावित स्थाहरुमा आहाल निर्माण गर्ने कार्यलाई निरन्तरता दिंदै विकास साझेदारहरुसंगको सहकार्यमा खानेपानीका स्थानीय मुहान संरक्षण अभियान सञ्चालन गरिनेछ ।

४.३.जलवायु परिवर्तनः

(क) संघीय सरकारले लिएको स्वच्छ हराभरा र प्रदुषण मुक्त नेपाल अभियानलाई कार्यान्वयन गर्न विकास साझेदार तथा सरोकारवालाहरुसँगको समन्वयमा गाउँपालिकाभित्र जैविक विविधता तथा जलवायु परिवर्तन अनुकुलन सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(ख) प्रदेश सरकारले लिएको तीन बर्षभित्र प्लाष्टिकजन्य झोला (३० माइक्रोनभन्दा कम) मुक्त प्रदेश नीतिलाई यस गाउँपालिकाभित्र कार्यान्वयन गरिनेछ ।

४.४.फोहरमैला व्यवस्थापनः

(क) गाउँपालिका क्षेत्रमा गठन गरिने टोल विकास संस्थाहरुसँगको साझेदारीमा मेरो फोहर म आफै व्यवस्थापन गर्छु अभियान सञ्चालन गरिनेछ ।

(ख) फोहर सिर्जनास्थलमै सडने र नसडने रुपमा वर्गीकरण गरी सडने फोहरको हकमा फोहर सिर्जनाकर्ताले नै अनिवार्य व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

(ग) नसडने फोहरलाई वर्गीकरण गरी निकासीको व्यवस्था गर्न उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।

(घ) सरोकारवाला साझेदारहरुसँगको समन्वयमा गाउँपालिकास्थित धार्मिक तथा सार्वजनिकस्थलहरुको आवधिक र नियमित रुपमा सरसफाई अभियानमा सञ्चालन गरिनेछ ।

४.५.जल उत्पन्न प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापनः

(क) यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७५ यसै सभाद्वारा स्वीकृत गराई कार्यान्वयनमा ल्याइनेछ ।

(ख) संघ र प्रदेश सरकारको सहकार्यमा विपद् व्यवस्थापनको लागि पूर्व तयारी सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(ग) विकास साझेदार तथा सरोकारवालाहरु समेतको सहकार्यमा गाउँपलिकास्थित विपद् संकटासन्न क्षेत्रहरुको पहिचान गरी विपद् न्यूनीकरणसँग सम्वन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(घ) गाउँपालिकाको नाममा छुट्टै स्थानीय विपद् व्यवस्थापन कोष खाता खोली विपद् व्यवस्थापनका लागि गाउँपालिकाले विनियोजन गरेको रकम र सो प्रयोजनका लागि संघीय÷प्रदेश सरकार र अन्य निकायहरुबाट प्राप्त रकम जम्मा गरी उल्लेखित प्रयोजनको लागिमात्र खर्च गर्ने व्यवस्था गरिने छ ।

(ङ) स्थानीय स्तरमा युवा स्वयमसेवकहरुको समूह तयार गरी निजहरुलाई विपद्सँग सम्वन्धित विपद् व्यवस्थापनको लागि पूर्व तयारी र विपद्को समयमा खोज, उद्धार र पुनरुथापना सम्वन्धी तालीमको आयोजना गरिनेछ ।

(च) भू–स्खलन र नदी कटान तत्काल नियन्त्रण गर्ने व्यवस्थाको लागि तारजाली खरिद गरी भण्डारणको व्यवस्था गरिनेछ ।

(छ) विपद्बाट प्रभावितहरुको तत्काल पुर्नस्थास्थापनाको लागि आवश्यक पर्ने न्यूनतम राहत सामाग्रीहरु भण्डारण गर्ने व्यवस्था गरी विपद् प्रभावितहरुको पुर्नस्थास्थापनाको क्रममा तत्काल नगद वा जिन्सी राहत उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

(ज) २०७२ साल बैशाख १२ मा गएको भूकम्पबाट प्रभावित भई आवास पुनर्निर्माणको सुविधा प्राप्त गरेका यस गाउँपालिकास्थित लाभग्राहीहरुको आवास घर पुनर्निर्माणको क्रममा अपनाउनु पर्ने मापदण्ड पूर्ण रुपमा पालना गरी आवास पुनर्निर्माण गर्ने गराउन पुनर्निर्माण प्राधिकरणबाट खटिई आएका प्राविधिकहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । र आवास पुनर्निर्माणका लागि लाभग्राहीले पाउने दोस्रो र तेस्रो किस्ता वापतको अनुदान रकम सहज र सरल रुपमा उपलव्ध गराउने व्यवस्थाको लागि गाउँपालिकाबाट सहजीकरण गरिनेछ ।

(झ) २०७२ साल बैशाख १२ को भूकम्पद्वारा आवास घर पूर्ण रुपमा क्षति भए तापनि पुनर्निर्माणका लागि प्रथम पटक प्रकाशित लाभग्राहीको सूचीकमा नाम प्रकाशन नभएका तर, हाल गुनासो फछ्र्यौट प्रक्रिया मार्फत लाभग्राहीको सूचीमा नाम प्रकाशन भएका लाभग्राहीहरुलाई यथाशीघ्र अनुदान सम्झौता प्रक्रियामा लगी आवास पुनर्निर्माणको लागि पहिलो किस्ता अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

(ञ) भूकम्पद्वारा प्रभावित निजी आवास बाहेकका गाउँपालिकास्थित विद्यालय भवनहरु र वडा कार्यालयहरुको प्रशासकीय भवनहरुको पुनर्निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरी पुनर्निर्माणको व्यवस्था गरिनेछ ।

५.सार्वजनिक सेवा तथा क्षमता विकास सम्वन्धीः

ज्ञ।यस गाउँपालिकाको चालु खर्च तर्फको विनियोजित बजेटबाट–

(क) नेपाल सरकार (मन्त्रिपरिषद्) को मितिः२०७४।१२।१४ को निर्णय बमोजिम स्थानीय तहको अन्तरिम संगठन संरचना तथा स्वीकृत दरवन्दी बमोजिम यस कार्यालयका लागि संघीय सरकारबाट खटिई आउने कर्मचारी र साविकका स्थानीय निकाय (गाउँ विकास समिति) हरुबाट यस गाउँपालिकामा समायोजन भै आएका कर्मचारीहरुबाट गाउँ कार्यपालिका र मातहतका वडा कार्यालयहरुको दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने गराउने व्यवस्था गरिनेछ ।

क.खर्च शीर्षक नं.२२४१३ को करार सेवा शुल्कमा विनियोजित बजेटबाट कार्यालयलाई स्थायी व्ययभार नपर्ने गरी कार्यालयको सुरक्षा र गाउँपालिकाले लागु गरेको नीति, नियम र स्थानीय न्यायिक समितिको निर्णयहरुको कार्यान्वयन तथा कार्यालयको सुरक्षा समेतको लागि कम्तीमा एकजना महिला सहित नगर प्रहरी जवान ३, प्रति वार्ड प्रति कृषि÷पशु प्राविधिकको अवधारणा अनुसार कृषि प्राविधिक ३ र पशु प्राविधिक २ र अमिन–१ प्रतिस्पर्धात्मक सेवा करारमा लिई कामकाज गराउने व्यवस्था गरिनेछ ।

ख.खर्च शीर्षक नं.२२४११ सेवा र परामर्श शीर्षकमा विनियोजित बजेटबाट यस कार्यालयको लागि आवश्यक पर्न जाने प्राविधिक र विशेषज्ञहरुको सेवा करारमा लिनुपर्दाका बखत खर्च गर्ने व्यवस्था गरिनेछ ।

ग.खर्च शीर्षक नं.२२५११ मा विनियोजित कर्मचारी तालीम शीर्षकको बजेटबाट यस गाउँपालिकामा गाभिन आएका साविकका स्थानीय निकायहबाट स्थायी नियुक्ति पाई हाल यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको क्षमता विकास तालीम÷कार्यक्रम सञ्चालन गर्न पहिलो प्राथमिकता दिइनेछ ।

घ.खर्च शीर्षक नं.२१२१३ मा विनियोजित योगदानमा आधारित वीमा शीर्षकमा विनियोजित बजेटबाट यस गाउँपालिकामा गाभिन आएका साविकका स्थानीय निकायहबाट स्थायी नियुक्ति पाई हाल यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुका लागि २०७५ साल साउन १ गतेदेखि सावधिक जीवन वीमा गराउँदा नियमानुसार कार्यालयले व्यहोर्नुपर्ने वीमा सुविधा वापतको रकम व्यहोर्ने व्यवस्था गरिनेछ ।

ङ.खर्च शीर्षक नं.२१२१४मा विनियोजित कर्मचारी कल्याणकोष बजेटबाट यस गाउँपालिकामा गाभिन आएका साविकका स्थानीय निकायहबाट स्थायी नियुक्ति पाई हाल यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको उपदान, औषधी उपचार लगायतका अन्य सुविधा प्रदान गर्ने गरी यस गाउँपालिकाको नाममा कर्मचारी कल्याणकोष नामको खाता खोली सो खातामा प्रत्येकबर्ष कम्तीमा एक महिनाको तलब बराबरको रकम जम्मा गर्दै जाने र सो रकम खर्च गर्ने सम्वन्धमा कार्यपालिकाले लागु गरेको कार्यविधि बमोजिम मात्र खर्च गर्ने व्यवस्था गरिनेछ ।

२.यस गाउँपालिका कार्यालय र मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र गाउँपालिकास्थित माध्यमिक विद्यालयहरुमा वायोमेट्रिक हाजिरी प्रणाली लागु गर्ने व्यवस्था गरिनेछ ।

३.यस गाउँ कार्यपालिकाको कार्यालयमा सूचना तथा प्रविधि शाखाको स्थापना गरी सोही शाखा मार्फत गाउँपालिकासँग सम्वन्धित सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

५.सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता खाइपाई आएका गाउँपालिकास्थित लाभग्राहीहरुको नाम व्यवस्थित सूचना प्रणाली (ःक्ष्क्) मा प्रविष्ट गरी अध्यावधिक गरी गउँपालिकाको वेव साइटमा राख्ने व्यवस्था गर्नुका साथै आगामी आर्थिक बर्षबाट व्यक्तिगत घटना दर्ता ःक्ष्क् प्राणालीबाट गरिनेछ ।

६.यस गाउँपालिकाको पाश्र्वचित्र च्गचब िःगलष्अष्उब िएचयाष्भि लाई मन्त्रालयले उपलव्ध गराएको ढाँचा बमोजिम अध्यावधिक गरी प्रकाशन गरिने र सो प्रोफाइल गउँपालिकाको वेव साइटमा राखिनेछ ।

७.गाउँपालिकाको स्वीकृत बार्षिक योजना, आवधिक प्रगति बिवरणहरु र गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भई जारी गरिएका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु सार्वजनिक गरी गाउँपालिकाको वेव साइटमा समेत राखिनेछ ।

८.सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा १३ को उपदफा (३) को देहाय (क) देखि (ड) सम्ममा व्यवस्था भए बमोजिम यस कार्यालयसँग सम्वन्धित सूचनाहरुको अद्यावधिक गरी प्रत्येक ३÷३ महिनामा प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

९.यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृतको सेवा करार २०७५ असार मसान्तपछि समाप्त हुने भएकोमा २०७५ साउन १ देखि निजको सेवा करार अवधि थप गरिदिन मन्त्रालयमा अनुरोध गरिनेछ । र निजको सेवा करार थप गरिंदा सिर्जना हुने आर्थिक दायित्वको २५% कार्यालयबाट व्यहोर्ने व्यवस्था गरिनेछ ।

१०.नवीनतम ज्ञान र प्रविधि सिकाइको लागि यस गाउँपालिकाका पदाधिकारीहरुलाई अध्ययन भ्रमणको आयोजना गर्ने र समान प्रकृतिका अन्तरराष्ट्रिय निकाय÷संस्थासँग भगिनी सम्वन्ध स्थापना गर्ने व्यवस्थाका लागि मन्त्रालय तथा नगरपालिका राष्ट्रिय महासंघ समेतसँग समन्वय गरिनेछ ।

११.गाउँ कार्यपालिका र मातहतका वडा कार्यालयहरुबाट प्रवाह गरिने वस्तु तथा सेवाको गुणस्तर मापनका लागि प्रत्येक चौमासिक अवधि व्यतीत भएपछि सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ ।

१२.गाउँपालिकाले प्रवाह गरेको सेवा तथा वस्तुको प्रभाव मूल्यांङ्कनका लागि प्रत्येक आर्थिक बर्ष व्यतीत भएपछि सामाजिक परीक्षण गरिनेछ ।

१३.गाउँ कार्यपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण कार्य कम्तीमा बर्षको दुई पटकमा नघटने गरी गर्ने गराउने व्यवस्था गरिनेछ ।

१४.यस गाउँपालिकाले अन्तर स्थानीय तह समन्वय गर्नको लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल अनुसारको समिति गठन गरिनेछ ।

क.गाउँपालिका अध्यक्ष श्री धन बहादुर कार्की

ख.वार्ड नं.५ का वडा अध्यक्ष श्री राजु बराल

ग.गाउँ कार्यपालिकाका सदस्य श्री खडग बहादुर सुनुवार

घ.गाउँ कार्यपालिका सदस्य श्री पूर्णमाया आले

ङ.प्रमुख प्रशासकीय अधिकृत

१५.यस गाउँपालिका, मातहतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतबाट सेवा प्रवाह गरिंदा कार्यालयद्वारा प्रकाशित नागरिक बडापत्रलाई मूल आधार मानी सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ । र प्रकाशित नागरिक बडापत्र सेवाग्राही तथा सरोकारवालाहरुको जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु र वेभ साइट मार्फत सार्वजनिक गरिनेछ ।

१६.म.ले.प.बाट यस कार्यालयको नाममा कायम भएको बेरुजुमध्ये सामाजिक सुरक्षा कार्यक्रमसँग सम्वन्धित बेरुजु फछ्र्यौटका लागि जिल्ला समन्वय कार्यालयसँग समन्वय गरी सम्परीक्षण प्रक्रिया अगाडी बढाउने र बाँकी अन्य बेरुजुको हकमा प्रमाण जुटाई फछ्र्यौट गर्ने व्यवस्था गरिनेछ ।

१७.साविक गाउँ विकास समितिहरुको नाममा रहेको विगत आ.व.हरुको बेरुजुको लगत कायम गरी फछ्र्यौट गर्ने व्यवस्था गरिनेछ ।

१८.वडा कार्यालय र गाउँ कार्यपालिका र मातहतका विषयगत शाखाहरुबाट सम्पादित कार्यहरुको बिवरण गाउँपालिकाको वेभ साइट, मोवाइल एप्स र डिजिटल डिस्प्ले बोर्ड मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ ।

१९.यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि स्थानीय जग्गादाताहरुबाट गाउँपालिकालाई निशुल्क रुपमा रजिष्टे«शन गरी प्राप्त भएको गाउँपालिका वार्ड नं.४ को खाङ्साङ्वेशीस्थित ७ रोपनी जग्गामा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्थाका लागि सम्वन्धित निकायमा समन्वय गरिदिन मन्त्रालय र जिल्ला समन्वय समिति सिन्धुली समक्ष अनुरोध गरिनेछ ।

२०.वडा कार्यालयका प्रशासकीय भवन नभएका वडाहरु क्रमशः वार्ड नं.१ को महादेवडाँडा, वार्ड नं.२ को सुम्नामपोखरी, वार्ड नं.३ को खोलागाउँ, वार्ड नं.४ को खाङ्साङ् र वार्ड नं.६ को रत्नावतीमा वडा कार्यालय प्रशासनिक भवन निर्माणका लागि समपुरक अनुदानको व्यवस्था गरिदिन संघ र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।

२१.गाउँपालिकाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमको आयोजना गरिनेछ ।

२२.गाउँपालिकास्थित सबै वडा कार्यालयको कार्यालय प्रयोजनको लागि एक एक वटा ल्यापटप खरिद गर्ने व्यवस्था गरिनेछ ।

२३.गाउँपालिकाको आर्थिक ऐन बमोजिम संकलन गरिने राजश्व सम्वन्धित वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयबाट संकलन गरिनेछ ।

२४.करदाताहरुलाई प्रोत्साहित गर्नका लागि करदाता शिक्षा सञ्चालन गरिनेछ ।

२५.करदाताहरुमध्येबाट हरेक आर्थिक बर्षको अन्तमा उत्कृष्ट करदाता महिला–१, पुरुष–१ र राजश्व संकलन कार्यमा संलग्न कर्मचारीहरुमध्येबाट उत्कृष्ट राजश्व संकलक कर्मचारी –१ जनालाई प्रत्येक आर्थिक बर्षको असारमा सम्पन्न हुने गाउँ सभाको अवसरमा सम्मान गरिनेछ ।

२६.प्रत्येक आर्थिक बर्षको अन्तसम्म तोकिएको कर दस्तुर बुझाउनु सम्वन्धित करदाताको दायित्व हुनेछ । तोकिएको समयमा कर नबुझाएमा प्रत्येक आर्थिक बर्ष व्यतीत भएपछि बुझाउनुपर्ने कर दस्तुर रकममा प्रति आर्थिक बर्ष १० प्रतिशतका दरले जरीवाना लिइनेछ ।

२७.तोकिएको कर दस्तुर नबुझाउने करदातालाई गाउँपालिकाबाट उपलव्ध गराइने सेवा सुविधाबाट वञ्चित गरिनेछ ।

६.न्यायिक कार्यको सम्पादनः

१.नेपालको संविधान, २०७२ को धारा २१७ बमोजिम यस गाउँपालिका स्तरीय ३ सदस्यीय न्यायिक समिति गठन भैसकेको र न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ देखि ५३ सम्ममा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोग गर्ने प्रयोजनको लागि न्यायिक कार्य सम्पादन सम्वन्धी ऐन, २०७४ समेत जारी भैसकेको छ ।

२.स्थानीय न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवादको निरुपण कार्यलाई छिटो, छरितो र कुशलतापूर्वक सम्पादन गर्न गराउनको लागि समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि सम्वन्धी अवसरको सिर्जना र कार्य सम्पादनको क्रममा आवश्यक पर्ने पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ ।

३.सरोकारवाला साझेदार समेतको सहकार्यमा गाउँपालिकाका ६ वटै वार्डस्थित वडा कार्यालयहरुमा स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनको लागि आवश्यक भौतिक व्यवस्थापन गरिनेछ ।

४.वडा स्तरमा रहेका स्थानीय मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्वन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी

स्थानीय स्तरमा सिर्जना हुने सानातिना विवादहरुलाई मेलमिलापकै माध्यमबाट समाधान गर्न प्रेरित गरिनेछ ।

७.विधेयक सम्वन्धमाः

मन्त्रालयद्वारा प्राप्त मस्यौदाको आधारमा यस गाउँ कार्यपालिका अन्तरगतको विधेयक समितिले तयार गरेको फिक्कल गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण विधेयक,२०७५, अनाथ तथा जोखिमयुक्त बालवालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) विधेयक, २०७५, का साथै फिक्कल गाउँपालिकाको आर्थिक विधेयक, २०७५ र फिक्कल गाउँपालिकाको विनियोजन विधेयक, २०७५ स्वीकृत गरी कार्यान्वयन गर्ने ।